# न्याय समूहका तृतीय श्रेणीका (बढुवाद्वारा) अधिकृतको आधारभूत प्रशिक्षणको पाठ्यक्रम, २०७७


## राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैजु, काठमाडौं

# विषयसूची


| विषय | पेज |
|---|---|
| **भाग एक**<br>**प्रारम्भिक** | |
| पृष्ठभुमि | ५ |
| पाठ्यक्रमको परिचय | ५ |
| प्रशिक्षण पाठ्यक्रमको लक्ष्य र उद्देश्य | ६ |
| सहभागिता, सहभागी संख्या र अवधि | ६ |
| पाठयक्रमको संरचना | ६ |
| सत्र सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन | ७ |

| **भाग दुई**<br>**परिचयात्मक** | | |
|---|---|---|
| **मोड्यूल १** | **परिचयात्मक** | ८ |
| सत्र १ | उद्‌घाटन | ८ |
| सत्र २ | परिचयात्मक सत्र | ८ |
| सत्र ३ | अपेक्षा संकलन तथा प्रशिक्षण व्यवस्थापनका बारेमा जानकारी | ८ |

| **भाग तीन**<br>**सैद्धान्तिक तथा व्यवहारिक सत्रहरु** | | |
|---|---|---|
| **मोड्यूल १** | **सार्वजनिक प्रशासन, व्यवस्थापन र न्यायपालिका** | १० |
| सत्र १ | सार्वजनिक प्रशासन र न्याय प्रशासन | १० |
| सत्र २ | नेतृत्व र उत्प्रेरणा | १० |
| सत्र ३ | अदालत व्यवस्थापन | १० |
| सत्र ४ | न्यायपालिकामा मानव श्रोत व्यवस्थापन- प्राप्ति, विकास, उपयोग र सम्भार | ११ |
| सत्र ५ | न्याय सेवा आयोगको काम कर्तब्य र अधिकार | १२ |

| | | |
|---|---|---|
| सत्र ६ | न्यायपालिकामा परिवर्तन व्यवस्थापन | १२ |
| सत्र ७ | न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना | १२ |
| सत्र ८ | न्यायिक सुशासन - कमजोरी, चुनौती र अवसर | १२ |
| सत्र ९ | सत्चरित्र निर्माण(प्रवचन) | १३ |
| सत्र १० | भ्रष्टाचार नियन्त्रण (पूर्व प्रमुख/आयुक्तको अनुभव समेत) | १४ |
| सत्र ११ | आर्थिक कार्यविधि र सरकारी सम्पत्तिको संरक्षण | १४ |
| सत्र १२ | न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता- समस्या, चुनौती र अवसर | १४ |
| सत्र १३ | संघीयता र न्यायपालिका | १५ |
| सत्र १४ | न्यायिक पुनरावलोकन-क्षेत्र र सीमा | १५ |
| सत्र १५ | न्यायिक सक्रियता र आत्मसंयम | १५ |
| सत्र १६ | सार्वजनिक सरोकारको विवाद | १७ |
| **मोड्यूल २** | **न्याय र कानुनका नविनतम अवधारणाहरु** | १७ |
| सत्र १ | न्यायपालिकामा सूचना प्रविधिको प्रयोग | १७ |
| सत्र २ | लैंगिक न्याय र लैंगिक संवेदनशीलता | १७ |
| सत्र ३ | बाल न्याय प्रणाली र कानूनको विवादमा परेका बालबालिकाको मुद्दामा अपनाइने कार्यविधि | १७ |
| सत्र ४ | पुनःस्थापकीय न्यायको अवधारणा र अभ्यास | १८ |
| सत्र ५ | संक्रमणकालीन न्याय र नेपालमा यसको प्रयोग | १९ |
| सत्र ६ | वातावरणीय न्याय- न्यायपालिकाको भूमिका | १९ |
| सत्र ७ | विकेन्द्रिकृत न्याय- मेलमिलाप पद्धति | २० |
| सत्र ८ | साइवर अपराध र अदालती दृष्टिकोण | २० |
| सत्र ९ | VOIP Call Bypass | २० |
| **मोड्यूल ३** | **फौजदारी तथा देवानी संहिता** | २२ |
| सत्र १ | अपराध संहिताको विशेषता र फौजदारी न्यायका सामान्य सिद्धान्तहरु | २२ |
| सत्र २ | देवानी संहिताको विशेषता र देवानी कानूनका सामान्य सिद्धान्तहरु | २२ |
| सत्र ३ | अपूर्ण अपराध र आपराधिक दायित्त्वसम्बन्धी सिद्धान्त | २२ |

| | | |
|---|---|---|
| सत्र ४ | कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था तथा सजाय र अन्तिम क्षतिपूर्ति | २२ |
| सत्र ५ | गुठी, फलोपभोग र सुविधाभार | २३ |
| सत्र ६ | हायर पर्चेज तथा लिज करार | २३ |
| सत्र ७ | दुष्कृति तथा त्रुटिपूर्ण उत्पादनसम्बन्धी व्यवस्था | २३ |
| सत्र ८ | निजी अन्तराष्ट्रिय कानून | २३ |
| सत्र ९ | देवानी कार्यविधि संहिताको मूलभूत विशेषता | २४ |
| सत्र १० | फौजदारी कार्यविधि संहिताको मूलभूत विशेषताहरु | २४ |
| सत्र ११ | देवानी तथा फौजदारी मुद्दामा अदालतको अधिकार क्षेत्र | २४ |
| सत्र १२ | देवानी तथा दुनियावादी फौजदारी मुद्दाको दर्ता, दरपीठ र अदालती शुल्क- समस्या र समाधानका उपाय | २४ |
| सत्र १३ | कसूरको सूचना,पक्राउ, म्याद थप र अभियोगपत्र (समस्या र समाधानका उपाय) | २५ |
| सत्र १४ | वयान, थुनछेक र अनुपस्थित प्रतिवादीसम्बन्धी व्यवस्था | २५ |
| सत्र १५ | म्याद तामेलीसम्बन्धी व्यवस्था- समस्या र समाधानका उपाय | २५ |
| सत्र १६ | देवानी मुद्दामा प्रतिवाद, प्रतिदावी र तेस्रो पक्षको संलग्नता | २५ |
| सत्र १७ | प्रारम्भिक सुनुवाई, पूर्व सुनुवाई छलफल र अन्तिम सुनुवाई | २६ |
| सत्र १८ | सजाय सम्बन्धी सामान्य सिद्धान्त र सजायको उद्धेश्य तथा निर्धारणका आधारहरु | २७ |
| सत्र १९ | सजाय निर्धारण सम्बन्धमा छुट्टै सुनुवाई- समस्या र समाधान | २७ |
| सत्र २० | साक्षी परीक्षण- समस्या र समाधान | २७ |
| सत्र २१ | अन्तरकालीन र अन्तरिम आदेश | २७ |
| **मोडयूल ४** | **विधि विज्ञान** | २९ |
| सत्र १ | विवादित लिखत जाँच | २९ |
| सत्र २ | आनुवंशिक गूण पहिचान गर्ने DNA जाँच प्रविधि | २९ |
| सत्र ३ | शव परीक्षण र मृत्युको कारण | २९ |
| सत्र ४ | विधि विज्ञान प्रयोगशाला/ त्रि. वि. शिक्षण अस्पताल वा | २९ |

| | | |
|---|---|---|
| | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको अवलोकन | |
| सत्र ५ | विधि विज्ञान प्रयोगशाला / त्रि. वि.शिक्षण अस्पताल वा केन्द्रीय प्रहरी विज्ञान प्रयोगशालाको अवलोकन | २९ |
| सत्र ६ | विधि विज्ञान प्रयोगशाला / त्रि. वि.शिक्षण अस्पताल वा केन्द्रीय प्रहरी विज्ञान प्रयोगशालाको अवलोकन | ३० |
| **मोड्यूल ५** | **फैसाला लेखन र भाषागत शुद्धता** | ३१ |
| सत्र १ | अदालती लिखतमा भाषागत शुद्धता (नेपाली भाषाको शिक्षकबाट) | ३१ |
| सत्र २ | अदालती लिखतमा भाषागत शुद्धता (न्यायाधीशबाट) | ३१ |
| सत्र ३ | फैसला लेखनमा ध्यान दिनु पर्ने विषयहरु | ३१ |
| सत्र ४ | फैसला लेखन अभ्यास उपर टिप्पणी (घरमा फैसला लेखेर आउने र श्रोत व्यक्तिले जाँच गरी टिप्पणी गर्ने) | ३१ |
| सत्र ५ | फैसला लेखन अभ्यास उपर टिप्पणी (घरमा फैसला लेखेर आउने र श्रोत व्यक्तिले जाँच गरी टिप्पणी गर्ने) | ३२ |
| **मोड्यूल ६** | **फैसाला कार्यान्वयन, पुनरावेदन, साधक र मुल्तवी** | ३३ |
| सत्र १ | फैसला कार्यान्वयन- समस्या, चुनौती र समाधान | ३३ |
| सत्र २ | पुनरावेदन दर्ता र कार्वाही- समस्या र समाधान | ३३ |
| सत्र ३ | साधक, दोहो-याई पाउने र पुनरावलोकन | ३४ |
| सत्र ४ | मुद्दा मुल्तवी, स्थानन्तरण र फिर्ता | ३४ |
| **मोड्यूल ७** | **विविध** | ३५ |
| सत्र १ | अभिलेख व्यवस्थापन | ३५ |
| सत्र २ | वाणिज्य इजलास र कार्यविधि | ३५ |
| सत्र ३ | गोपनीयता कायम राख्रे विधि र लगातार सुनुवाई | ३५ |
| सत्र ४ | मुद्दा प्रवाह व्यवस्थापनमा इजलास अधिकृत र सुपरिवेक्षकको भूमिका | ३६ |
| सत्र ५ | नाप नक्सा गर्दा ध्यान दिनु पर्ने विषय | ३७ |
| सत्र ६ | प्रोटोकल र सामान्य शिष्टाचार | ३७ |
| सत्र ७ | समग्र प्रशिक्षण कार्यक्रको मूल्याङ्कन | ३७ |
| सत्र ८ | समापन | ३८ |

## १.१ पृष्ठभूमि

तालिम/प्रशिक्षण जनशक्तिको भइरहेको ज्ञानमा थप अभिवृद्धि गर्ने, जनशक्तिलाई काममा सीपयुक्त बनाउने र कार्यशैलीमा सकारात्मक परिवर्तन ल्याउने एक महत्त्वपूर्ण साधनको रुपमा प्रयोग हुने हुनाले जुनसुकै संगठनमा काम गर्ने जनशक्तिलाई तालिमको आवश्यकता निरन्तर रुपमा रहन्छ। त्यसमा पनि न्याय सेवा एक विशिष्टिकृत सेवा भएकोले न्यायिक सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धिको लागि यहाँ कार्यरत जनशक्तिलाई निरन्तरको प्रशिक्षणद्वारा ज्ञानी, सीपयुक्त र समयानुकूल कार्य गर्न सक्ने बनाई राख्न आवश्यक हुन्छ । यही कुरालाई महसुस गरी न्याय क्षेत्रमा राष्ट्रिय न्यायिक प्रतिष्ठान नामक प्रशिक्षण निकायको जन्म भई न्याय क्षेत्रका जनशक्तिलाई सेवा प्रवेश, सेवाकालीन, पुनर्ताजगी तथा अन्य विषय विशेष तालिमहरु समेत प्रदान गर्दै आएको छ । तालिम आवश्यकताको पहिचानका विभिन्न विधिहरुको प्रयोग गरी न्याय क्षेत्रका विभिन्न जनशक्तिहरुलाई दिइने प्रशिक्षणको पाठ्यक्रम पनि समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने हुन्छ । यही क्रममा **न्याय सेवा न्याय समूहमा रा.प. तृतीय श्रेणीमा बढुवा भएका अधिकृतहरुको आधारभूत न्यायिक प्रशिक्षण (Basic Judicial Training)** लागि तयार भएको पाठ्यक्रम तयार गरी सम्बद्ध पदाधिकारी, अधिकृत तथा कर्मचारीहरु समेतसँग छलफल, अन्तरक्रिया गरी प्राप्त पृष्ठपोषण समेतलाई मध्यनजर गरी यो प्रशिक्षण पाठ्यक्रम तयार गरिएको छ ।

## १.२ पाठ्यक्रमको परिचय

जनशक्तिलाई प्रदान गर्ने प्रशिक्षणको पाठ्यक्रम प्रशिक्षण आवश्यकता पहिचान गरी पहिचान भएको विषयको आधारमा तय गरिन्छ र समयानुकूल परिमार्जन पनि गर्दै लगिने हुन्छ । राष्ट्रिय न्यायिक प्रतिष्ठानले तालिम आवश्यकता पहिचानका विधिहरु तय गरी यस अघि तयार गरी कार्यान्वयनमा ल्याएको नवप्रवेसी **न्याय सेवा न्याय समूहमा रा.प. तृतीय श्रेणीका अधिकृतहरुको** पाठ्यक्रमलाई समेत आधार मानी तथा सहभागीहरुको पृष्ठपोषण, कार्यस्थलमा कानुनको कार्यान्वयनको क्रममा अनुभूत गरिएका पक्षहरु समेतलाई मध्यनजर गरी यो पाठ्यक्रम तयार गरिएको छ । साथै, हालसम्म प्राप्त पृष्ठपोषण, कार्यस्थलमा अनुभूत गरिएका तालिम मार्फत सम्बोधन गर्नुपर्ने पक्षहरुलाई समेत यस प्रस्तुत पाठ्यक्रमले समेटेको छ। प्रस्तुत पाठ्यक्रमको कार्यान्वयनबाट विभिन्न अदालतमा तल्लो तहवाट बढुवा भइ आएका र अदालतमै कार्यरत रा.प. तृतीय श्रेणीका तालिम लिने अधिकृतको ज्ञानमा थप अभिवृद्धि गर्ने, सीप विकास गर्ने र ती ज्ञान सीपलाई कामसँग आवद्ध तुल्याई जनशक्तिलाई प्रशिक्षित गराएर कार्य सम्पादनमा अझ सुधार ल्याउने प्रस्तुत पाठ्यक्रमबाट अपेक्षा गरिएको छ।

## १.३ प्रशिक्षणको लक्ष्य र उद्देश्य

यस प्रशिक्षण कार्यक्रमको लक्ष्य र उद्देश्य देहाय बमोजिम रहेको छ।

**लक्ष्य:** सहभागीले आफ्नो कार्य क्षेत्रमा कार्य सम्पादनका लागि आवश्यक पर्ने सैद्धान्तिक ज्ञान तथा व्यवहारीक सीप सिकाउनुका साथै कार्यक्षेत्रमा कार्यसम्पादन गर्न सक्ने बनाउनु यस प्रशिक्षण कार्यक्रमको लक्ष्य रहेको छ।

**उद्देश्य:** प्रस्तुत प्रशिक्षण कार्यक्रम पछि सहभागीहरुमा देहायका उपलव्धिहरु हासिल हुने अपेक्षा राखिएको छ।

- न्याय प्रशासनको क्षेत्रमा अभ्यास गरिने कानून र न्यायका मान्य सिद्धान्त र अवधारणाप्रति परिचित हुनेछन् ।
- मुलुकी ऐनलाई खारेज गर्दै लागू भएका अपराध संहिता, देवनी तथा फौजदारी कार्यविधि संहिता, तथा सजाय निर्धारण ऐनमा भएका व्यवस्थाहरुका बारेमा जानकार हुने छन् ।
- फौजदारी न्याय प्रणालि संग प्रत्यक्ष सरोकार राख्ने कानून र न्याय बाहेकका अन्य निकायहरु जस्तै विधि विज्ञान प्रयोगशाला, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तथा त्रि. वि. शिक्षण अस्पताल जस्ता निकायहरुको प्रतक्ष रुममा अवलोकन गरी त्यहाँ बाट हुने कार्य सम्पादन तथा अदालतहरु र ति निकायहरु बिच हुनुपर्ने समन्वयका वारेमा सहभागिहरु प्रष्ट हुने छन्।
- न्याय र कानूनका क्षेत्रमा आएका अन्य नविनतम अवधारणाका बारेमा जानकार हुने छन् ।

## १.४ सहभागिता, सहभागी संख्या र अवधि

**सहभागिता:** यस प्रशिक्षणमा न्याय समूहका तृतीय श्रेणीका (बढुवाद्वारा) अधिकृतहरूको सहभागिता हुने छ।

**सहभागी संख्या**: बढुवा भएका अधिकृतहरूको संख्याका आधारमा एक समूहमा पच्चीस (२५) देखि तीस (३०) जनाको सहभागिता हुनेछ।

**अवधि**: यस प्रशिक्षणको अवधि एक्काइस (२१) कार्य दिनको हुनेछ। एक दिनमा तीन (३) सत्र समावेश गरिनेछ। एक (१) सत्रको समय एक घण्टा तीस मिनेटको हुनेछ।

## १.५ पाठयक्रमको संरचना

पाठयक्रमको संरचना देहाय बमोजिमका छन्।

| भाग | शिर्षक | | |
|---|---|---|---|
| भाग १ | प्रारम्भिक | | |
| भाग २ | परिचयात्मक | | सत्र संख्या |
| | मोडयुल १ | परिचयात्मक | ३ |
| भाग ३ | **सैद्धान्तिक तथा व्यवहारिक सत्रहरु** | | |
| | मोडयुल १ | सार्वजनिक प्रशासन, व्यवस्थापन र न्यायपालिका | १६ |
| | मोडयूल २ | न्याय र कानुनका नविनतम अवधारणाहरु | ९ |
| | मोडयूल ३ | फौजदारी तथा देवानी संहिता | २१ |
| | मोडयूल ४ | विधि विज्ञान | ६ |
| | मोडयूल ५ | फैसाला लेखन र भाषागत शुद्धता | ५ |
| | मोडयूल ६ | फैसाला कार्यान्वयन, पुनरावेदन, साधक र मुल्तवी | ४ |
| | मोडयूल ७ | विविध | ८ |

यस प्रशिक्षणमा सात (७) वटा मोडयुल अन्तर्गत बहत्तर (७२) वटा  सत्रहरु समावेश गरिएको छ।

## १.६ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन

बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको मूल्याङ्कन हुनेछ। आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

# भाग दुई

# परिचयात्मक

## मोड्युल १ : परिचयात्मक

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | **उद्‌घाटन** | प्रशिक्षण कार्यक्रमको औपचारिक उद्‌घाटन हुने | १ घण्टा ३० मिनेट | - |
| २ | **परिचयात्मक सत्र** | • सहभागीहरुको स्वागत तथा सहजकर्ताहरु (संयोजन समूह) को परिचय<br>• कार्यक्रमको परिचय<br>▪ कार्यक्रमको उद्देश्य<br>▪ निर्धारित विषयहरु<br>▪ प्रशिक्षकहरु<br>▪ प्रशिक्षण विधि<br>▪ प्रशिक्षण सामाग्री<br>▪ कार्यक्रमको पुनरावलोकन<br>▪ मूल्याङ्कन र पृष्ठपोषण<br>▪ प्रशिक्षणका आधारभूत नियम | १ घण्टा ३० मिनेट | अन्तरक्रिया |
| ३ | अपेक्षा संकलन तथा प्रशिक्षण व्यवस्थापनका बारेमा जानकारी | • प्रतिष्ठानको परिचय तथा गतिविधिबारे जानकारी<br>• सहभागीहरुबाट अपेक्षा संकलन<br>• प्रशिक्षण व्यवस्थापनका बारेमा जानकारी<br>▪ प्रशिक्षणका नियम<br>▪ समूह निर्माण | १ घण्टा ३० मिनेट | प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | ▪ अभ्यास बारेमा जानकारी<br>○ भूमिका अभिनय<br>○ प्रस्तुतीकरण (लेखन अभ्यास, प्रतिवेदन) | | |

## भाग तीन

## सैद्धान्तिक तथा व्यवहारिक सत्र

### मोड्यूल १: सार्वजनिक प्रशासन, व्यवस्थापन, र न्यायपालिका

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | सार्वजनिक प्रशासन र न्याय प्रशासन | • प्रशासन र सार्वजनिक प्रशासन<br>• सार्वजनिक प्रशासनको कार्य र क्षेत्र<br>• राजनीति र प्रशासन<br>• शक्ति पृथकीकरणको सिद्धान्त र न्यायपालिका<br>• सार्वजनिक प्रशासनको अङ्गको रुपमा न्याय प्रशासन<br>• सार्वजनिक प्रशासन र न्याय प्रशासन बीच भिन्नता<br>• New Public Service सम्बन्धी नवीनतम् अवधारणा | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | नेतृत्व र उत्प्रेरणा | • नेतृत्वको सामान्य परिचय<br>• नेतृत्वसम्बन्धी सिद्धान्तहरु<br>• असल नेतृत्वमा हुनु पर्ने गुणहरू<br>• नेतृत्वको भूमिका र कार्यहरू<br>• कार्यालय व्यवस्थापनमा नेतृत्वको भूमिका<br>• अन्य सान्दर्भिक उदाहरणहरू<br>• उत्प्रेरणाको सामान्य परिचय<br>• उत्प्रेरणाका स्रोतहरु<br>• उत्प्रेरणासम्बन्धी सिद्धान्तहरु<br>• मनोवल र उत्प्रेरणा जगाउने तत्त्वहरू<br>• कार्यसम्पादनमा पार्ने सकरात्मक र नकरात्मक प्रभावहरू<br>• नेपालमा नेतृत्व र उत्प्रेरणाको वर्तमान अवस्था | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | अदालत व्यवस्थापन | • व्यवस्थापनको अर्थ<br>• अदालत व्यवस्थापनको अवधारणा<br>• अदालत व्यवस्थापन<br>▪ मुद्दा प्रवाह व्यवस्थापन (मुद्दा दर्तादेखि फैसला सम्मका चरणहरु)<br>○ समय व्यवस्थापन — समय सारणी | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | ○ फरक मुद्दा व्यवस्थापन<br>○ पेशी तथा इजलास व्यवस्थापन<br>○ बहस व्यवस्थापन<br>○ सुनुवाई व्यवस्थापन (निरन्तर सुनुवाई, प्रारम्भिक सुनुवाई, थुनछेक सुनुवाई, पूर्व सुनुवाई छलफल, कसूर निर्धारण सुनुवाई, सजाय निर्धारण सुनुवाई र अन्तिम सुनुवाई<br>▪ अभिलेख व्यवस्थापन<br>○ कागज धुल्याउने<br>○ अर्काइभ/फोटो/रील<br>▪ जनशक्ति व्यवस्थापन<br>○ न्यायाधीश र कर्मचारी<br>▪ भौतिक व्यवस्थापन<br>○ भवन, न्यायाधीश र कर्मचारी आवास<br>○ सेवाग्राही प्रतिक्षालय<br>○ थुनुवा/कैदीसंग आफन्त वा कानून व्यवसायीको भेटघाट कक्ष<br>○ खानेपानी व्यवस्थापन<br>○ सीसीटिभी/मुद्दा डिस्प्ले<br>○ स्तनपान कक्ष<br>○ गाडी पार्किङ्ग<br>▪ आर्थिक व्यवस्थापन<br>○ अदालत व्यवस्थापन निर्देशिका, २०७५ | | |
| ४ | न्यायपालिकामा मानव श्रोत व्यवस्थापन- प्राप्ति, विकास, उपयोग र सम्भार | • मानव श्रोत व्यवस्थापनको अर्थ र अवधारणा<br>▪ प्राप्ति<br>▪ विकास<br>▪ उपयोग<br>▪ सम्भार<br>• न्यायपालिकामा मानव श्रोत व्यवस्थापनको अवस्था | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • न्यायपालिकामा मानव श्रोत साधन व्यवस्थापनका चुनौति तथ समाधानका उपायहरु | | |
| ५ | न्यायपालिकामा परिवर्तन व्यवस्थापन | • परिवर्तन व्यवस्थापनको अवधारणा<br>• परिवर्तन के का लागि?<br>• परिवर्तनका अवरोधकहरु<br>• परिवर्तन व्यवस्थापनका क्षेत्रहरु<br>▪ नीतिगत (Policy)<br>▪ संगठनात्मक (Organizational)<br>▪ कार्यात्मक (Functional)<br>▪ प्रविधिगत (Technological)<br>▪ कार्यविधिगत (Procedural)<br>▪ संस्कारगत (Cultural)<br>▪ व्यवहारजन्य (Behavioural)<br>• नेपालको न्यायपालिकामा परिवर्तन व्यवस्थापनको समस्या, चुनौती र समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ६ | न्याय सेवा आयोगको काम कर्तब्य र अधिकार | • न्याय सेवा आयोगको परिचय<br>• न्याय सेवा आयोगको अधिकारक्षेत्र<br>• न्याय सेवा आयोगको काम कर्तब्य र अधिकार<br>• समस्या, चुनौती र समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ७ | न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना | • रणनीतिक योजनाको परिचय<br>• रणनीतिक योजनाको आवश्यकता<br>• नेपालको न्यायपालिकामा रणनीतिक योजनाको प्रयोग<br>• पहिलो, दोस्रो तथा तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको उपलब्धीहरु तथा यसको कार्यान्वयन<br>• न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्य, उद्देश्य, विशेषताहरुको संक्षिप्त चिनारी<br>• कार्यान्वयनको अवस्था | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ८ | न्यायिक सुशासन- | • सुशासनको अवधारणा | १ | प्रवचन, प्रश्नोत्तर |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | कमजोरी, चुनौती र अवसर | • सुशासनका तत्त्वहरु<br>• सुशासन र न्यायिक सुशासन<br>• न्यायिक सुशासनको अवधारणा<br>• न्यायिक सुशासनका तत्त्वहरु<br>▪ स्वच्छता,<br>▪ पारदर्शिता,<br>▪ निष्पक्षता,<br>▪ निष्ठा,<br>▪ इमानदारी,<br>▪ लगनशीलता,<br>▪ प्रतिबद्धता,<br>▪ सरलता,<br>▪ शीघ्रता,<br>▪ गुणस्तरीयता,<br>▪ जवाफदेहिता,<br>▪ जिम्मेवारिता,<br>▪ प्रभावकारिता आदी<br>• निजामती कर्मचारीको आचारसंहिता<br>• न्यायिक सुशासन र न्यायसेवाका कर्मचारीको आचरण एवम् कार्यसम्पादन बीचको अन्तरसम्बन्ध<br>• न्यायाधीशको आचारसंहिता, २०७४<br>• सरकारी वकिलको आचारसंहिता<br>• अदालतका कर्मचारीहरूको आचारसंहिता, २०७६<br>• न्यायिक सुशासनमा देखिएका समस्या र समाधानका उपाय | घण्टा ३० मिनेट | र समूहगत छलफल तथा अन्तरक्रिया |
| ९ | सत्चरित्र निर्माण | • असल आचरण र सदाचार<br>• अनुशासन र इमानदारीता<br>• आत्मसंयमी र इमानदारीता<br>• निष्पक्षता र नैतिकता<br>• सार्वजनिक जीवनमा सदाचारको अपेक्षा | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • पेसागत व्यावसायिकता र निष्ठा<br>• आत्मिक चेतना र पेसागत व्यावसायमा यसको सकारात्मक प्रभाव<br>• जवाफदेहिता | | |
| १० | भ्रष्टाचार नियन्त्रण (पूर्व प्रमुख/आयुक्तको अनुभव समेत) | • भ्रष्टाचारको अवधारणा<br>• नेपालमा भ्रष्टाचारको विधमान अवस्था<br>• भ्रष्टाचार बढ्नुको कारणहरु<br>• भ्रष्टाचार नियन्त्रणका उपायहरू<br>• भ्रष्टाचार निवारण ऐन,२०५९ मा उल्लेख गरिएका भ्रष्टाचारजन्य कसूर कार्यहरू<br>• भ्रष्टाचार निवारण ऐन,२०५९ मा सरकारी निकाय तथा सार्वजनिक संस्थाको कर्तव्य सम्बन्धमा भएका व्यवस्थाहरू<br>• भ्रष्टाचारको निगरानी सम्बन्धमा व्यवस्था गरिएको राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार<br>• भ्रष्टाचार न्यूनीकरणका उपायहरू<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम कर्तव्य र अधिकार | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ११ | आर्थिक कार्यविधि र सरकारी सम्पत्तिको संरक्षण | • आर्थिक कार्यविधिको समान्य अवधारणा<br>• राजश्व र धरौटी<br>• एकल खाता कोष प्रणालि र यसको संचालन<br>• बेरुजु तथा बेरुजु फछ्यौंट<br>• सार्वजनिक खरिद प्रक्रिया<br>• कार्यालय, कार्यालयको चल अचल सम्पत्ति, परिसरको संरक्षण<br>• धारा, बिजुली तथा इन्धनको सदुपयोग र हिफाजत<br>• पुराना काम नलाग्ने सम्पत्तिको लिलामी | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १२ | न्यायपालिकाको स्वतन्त्रता र स्वायत्तता- समस्या, | • अवधारणा<br>• स्वतन्त्र न्यायपालिकाका मूल्य मान्यताहरू (राष्ट्रसंघीय निर्देशिका देखि बेंगलोर प्रिन्सिपलसम्म) | १ घण्टा ३० | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | चुनौती र अवसर | • न्यायपालिकाको स्वतन्त्रताका कडिहरु<br>▪ कार्यगत स्वतन्त्रता<br>▪ सांगठनिक स्वतन्त्रता<br>▪ परिस्थितिजन्य स्वतन्त्रता<br>• न्यायाधीशको आचारसंहिता, २०७४ र यसको पालना<br>• न्यायपालिकावाट प्रवाह हुने सेवाको गुणस्तरीयता, स्वच्छता, निष्पक्षता र प्रभावकारिताको मापन<br>• न्यायपालिका प्रतिको जनताको आस्था र विश्वास<br>• अदालतको अवहेलना र तत्सम्बन्धी कारवाही<br>• सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू<br>• समस्या चुनौती र अवसरहरु | मिनेट | अन्तरक्रिया |
| १३ | संघीयता र न्यायपालिका | • संघीयताको परिचय<br>• संघीयता र न्यायपालिका<br>• संघीय शासन प्रणाली अन्तर्गत एकीकृत न्याय प्रणालीको मर्म र भावना<br>• संघीयता र न्याय प्रशासनसँग सम्बन्धित केही विषयहरु<br>▪ न्याय परिषद तथा न्याय सेवा आयोग<br>▪ प्रदेश न्याय सेवा आयोग<br>▪ मुख्य न्यायाधिवक्ता<br>▪ स्थानीय न्यायिक समिति<br>▪ स्थानीय अदालत<br>• संघीयता कार्यान्वयनमा न्यायिक विषयका सन्दर्भमा देखा परेका वाधा अवरोध र समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १४ | न्यायिक पुनरावलोकन-क्षेत्र र सीमा | • न्यायिक पुनरावलोकनको अवधारणा<br>• न्यायिक पुनरावलोकनको बिधिशास्त्रीय मान्यताहरु<br>• नेपालमा न्यायिक पुनरावलोकनको विकासक्रम र क्षेत्रहरु<br>• न्यायिक पुनरावलोकनका आधार<br>• न्यायिक पुनरावलोकनका सीमाहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १५ | न्यायिक सक्रियता र | • न्यायिक सक्रियता र आत्मसंयमको अवधारणा | १ | प्रवचन, प्रश्नोत्तर |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | आत्मसंयम | • Law Making Theory/Declarative Theory<br>• न्यायिक सक्रियता अपनाउनुपर्ने कारणहरु<br>• न्यायिक सक्रियताको अवधारणाले प्रप्त गर्न खोजेको उद्देश्य<br>• न्यायिक सक्रियताका सीमाहरु र न्यायिक आत्मसंयम<br>• न्यायिक सक्रियता र न्यायिक आत्मसंयमको अदालती अभ्यास (अन्तर्राष्ट्रिय तथा नेपालमा समेत) | घण्टा ३० मिनेट | र समूहगत छलफल तथा अन्तरक्रिया |
| १६ | सार्वजनिक सरोकारको विवाद | • सार्वजनिक सरोकारको विवादको अवधारणा<br>• सार्वजनिक सरोकारको विवादका सम्बन्धमा अन्तर्राष्टिय अभ्यासहरु<br>• सार्वजनिक सरोकारको विवादका सम्बन्धमा नेपालमा भएका अभ्यासहरु<br>• सार्वजनिक सरोकारको विवादका मुल्य र मान्यताहरु<br>• सार्वजनिक सरोकारको विवादका बिशेषताहरु<br>• सार्वजनिक सरोकारको विवादका सम्बन्धीत मुद्दाहरुमा प्राप्त हुने उपचारहरु<br>• सार्वजनिक सरोकारको विवादका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु<br>• सार्वजनिक सरोकारको विवादका सम्वधमा सर्वोच्च अदालतबाट जारी भएका आदेश/निर्देशनात्मक आदेश र यसको कार्यान्वयनको अवस्था<br>• समस्या, चुनौती र समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

**मोड्यूल २: न्याय र कानुनका नविनतम अवधारणाहरु**

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | न्यायपालिकामा सूचना प्रविधिको प्रयोग | • विभिन्न तहका अदालतहरुमा मुद्दा व्यवस्थापनका लागि प्रयोग भइरहेका सफ्टवेर र एप्लिकेशनहरु<br>• कर्मचारीहरुका लागि अनलाइन वा वेबपोर्टल<br>• विभिन्न तहका अदालतहरुमा सेवाग्राहीले प्रयोग गर्न सक्ने सफ्टवेयर र एप्लिकेशनहरु<br>• सेवाग्राहीलाई अनलाइन वा वेबपोर्टल<br>• सूचना प्रविधिको प्रयोग मार्फत पेशी व्यवस्थापन<br>• सूचना प्रविधिको प्रयोग (अनलाईन) वाट तारिख लिने सम्बन्धी निर्देशिका, २०७२<br>• सूचना प्रविधिको प्रयोग मार्फत तारिख लिने र दिने तरिका<br>• ई-कोर्ट र स्मार्ट जुडिसियरी को अवधारणा<br>• न्यायपालिकाको सूचना तथा सञ्चार नीति, २०७६ का वारेमा जानकारी<br>• कोर्टरुम टेक्नोलोजी तथा भिडियो कन्फरेन्सीङ्ग मार्फत बहस व्यवस्थापन विधि र अध्ययन प्रतिवेदन, सर्वोच्च अदालत | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | लैंगिक न्याय र लैंगिक संवेदनशीलता | • लैंगिक न्यायको अवधारणा<br>• लैंगिक संवेदनशीलताको अवधारणा<br>• लैंगिक मैत्री वातावरण बनाउन अपनाउनु पर्ने उपायहरु<br>• लैंगिक मैत्री भाषा, शैली, व्यवहार<br>• पैतृक सम्पत्तिमा समानता<br>• पेशा रोजगारमा समानता<br>• सामाजिक कुरिति र भेदभावजन्य व्यवहार<br>• प्रजनन स्वास्थ्य<br>• लैंगिकतामा आधारित हिंसा<br>• लैङ्गिक न्यायका सन्दर्भमा भएका कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट भएको व्याख्या | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | बाल न्याय प्रणाली | • बालन्यायको अवधारणा | १ | प्रवचन, प्रश्नोत्तर |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | र कानूनको विवादमा परेका बालबालिकाको मुद्दामा अपनाइने कार्यविधि | • द्वन्द्वमा परेका वालवालिका<br>• कसूरको उजुरी र अनुसन्धान<br>▪ नियन्त्रणमा लिने कार्यविधि<br>▪ गोप्य नाम राख्ने र सोको कार्यविधि<br>▪ निगरानी कक्ष र निगरानी कक्षमा राख्ने अनुमती<br>▪ परिवारको संरक्षकको जिम्मा लगाउने/वालवालिका सम्बन्धी काम गर्ने संस्थालाई जिम्मा लगाउने<br>▪ अनुसन्धान सम्बन्धी थप कार्यविधि<br>▪ वालवालिकालाई सोधपुछ गर्ने तरिका<br>• अभियोग र पुर्पक्ष<br>▪ वाल अदालत<br>▪ वाल अदालत र वाल इजलासको क्षेत्राधिकारको प्रयोग<br>▪ गोप्य नाम कायम राख्ने र पक्राउपुर्जी वा म्याद तामेल कुन नाममा गर्ने<br>▪ थुना/धरौट/तारेख/वालसुधार गृहमा राख्ने<br>• पिडित वालवालिकाको अधिकार र सुनुवाईको सिलसिलामा प्राप्त गर्ने अधिकार<br>• दिशान्तर र दिशान्तरको कार्यविधि<br>• सुनुवाई सम्बन्धी विशेष व्यवस्था<br>• वालवालिकालाई हुने सजाय<br>• वालवालिकालाई सुधारगृह पठाउने पत्राचार<br>• बाल न्याय प्रणालीका विषयमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त<br>• अन्य आवश्यक कुराहरु | घण्टा ३० मिनेट | र समूहगत छलफल तथा अन्तरक्रिया |
| ४ | पुनःस्थापकीय न्यायको अवधारणा र अभ्यास | • पुनःस्थापकीय न्यायको अवधारणा<br>• पुनःस्थापकीय न्यायका मूलभूत विषेशताहरु<br>• पुनःस्थापकीय न्यायका सम्वन्धमा संवैधानिक व्यवस्थाहरु<br>• पुनःस्थापकीय न्यायसंग सम्बन्धित कानूनी प्रावधानहरु<br>• पुनःस्थापकीय न्यायसंग सम्बन्धित संहिता भित्रका | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | व्यवस्थाहरु<br>▪ अपराध पीडितको सन्दर्भमा<br>▪ कसूरदारको सम्बन्धमा<br>• सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त | | |
| ५ | संक्रमणकालीन न्याय र नेपालमा यसको प्रयोग | • संक्रमणकालीन न्यायको अवधारणा<br>• संक्रमणकालीन न्यायको उद्देश्य एवं आवश्यकता<br>• संक्रमणकालीन न्यायका तत्त्वहरु<br>• विस्तृत शान्ति संझौताका व्यवस्थाहरु<br>• नेपालको आन्तरिम संविधान, २०६३ र नेपालको संविधानमा संक्रमणकालीन न्याय सम्बन्धी व्यवस्थाहरु<br>• संक्रमणकालीन न्याय संग सम्वन्धित सर्वोच्च अदालतका फैसलाहरु<br>• नेपालमा संक्रमणकालीन न्यायको अभ्यासहरु<br>• सत्य निरुपण आयोग र वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग सम्वन्धी कानुनी व्यवस्थाहरु<br>• आयोगहरुको हालसम्मको कार्य<br>• नेपालको संक्रमणकालीन न्याय प्रकृयाका सरोकारवालाहरु<br>• समस्या, चुनौती र समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ६ | वातावरणीय न्याय- न्यायपालिकाको भूमिका | • वातावरणीय न्यायको अवधारणा<br>• वातावरणीय समन्यायको अवधारणा<br>• वातावरणीय न्यायका सिद्धन्तहरु<br>• वातावरणीय न्याय सम्वन्धी संवैधानीक व्यवस्था<br>• अन्तरराष्ट्रिय कनूनका सन्दर्भमा वातावरणीय न्याय<br>▪ सिमसारसम्वन्धी महासन्धि, १९७१<br>▪ विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, १९७२<br>▪ संकटापन्न वन्यजन्तु एवं वनस्पतिको अन्तराष्ट्रिय व्यापार महासन्धि, १९८९<br>▪ जैविक विविधता महासन्धि, १९९२ | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | ▪ संयुक्त राष्ट्रसंघीय मौसम परिवर्तन महासन्धि, १९९२<br>• वातावरण संरक्षणसम्बन्धी प्रचलित नेपाल कानूनहरु<br>• वातावरणीय न्याय तथा समन्यायका सन्दर्भमा न्यायपालिकाको दृष्टिकोण<br>• वातावरणीय न्याय तथा समन्यायका समस्याहरु<br>• समस्या समाधानका उपायहरु | | |
| ७ | विकेन्द्रिकृत न्याय-मेलमिलाप पद्धति | • विकेन्द्रिकरणको अर्थ<br>• विकेन्द्रिकरणको तत्त्वहरु<br>• विकेन्द्रिकृत न्यायको अवधारणा<br>• मेलमिलापको अवधारणा<br>• मेलमिलाप सम्बन्धी कानूनी व्यवस्था<br>• सामुदायिक मेलमिलाप<br>• अदालत प्रेषित मेलमिलाप<br>• मेलमिलापमा देखिएका समस्या तथा समाधानका उपाय | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ८ | साइवर अपराध र अदालती दृष्टिकोण | • अवधारणा<br>• नेपाल कानूनमा साइवर अपराधसम्बन्धी व्यवस्था<br>• विद्युतीय कारोबार ऐन, २०६३ मा समावेस भएका साइबर अपराधहरु र सजाय<br>• सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मा भएका मुलभूत व्यवस्थाहरु<br>• साइबर अपराधका प्रकारहरु<br>• साइवर अपराधको प्रकृति<br>• साइवर सुरक्षा सम्बन्धि अवधारणा र साइबर सुरक्षाका न्यूनतम मापदण्डहरु<br>• राष्ट्रिय साइबर सुरक्षा नीति (मस्यौदा) मा गरिएका व्यवस्थाहरु<br>• साइवर अपराधसम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ९ | VOIP Call Bypass | • अवधारणा | १ | प्रवचन, प्रश्नोत्तर |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • VOIP Call bypass गर्ने प्रविधि<br>• VOIP Call bypass ले पार्ने प्रभाव तथा यसको नकारात्मक पक्ष<br>• कसूरका रुपमा VOIP Call Bypass र नेपाल कानूनमा भएको व्यवस्था<br>• सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त | घण्टा ३० मिनेट | र समूहगत छलफल तथा अन्तरक्रिया |

**मोड्यूल ३: फौजदारी तथा देवानी संहिता**

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | अपराध संहिताको विशेषता र फौजदारी न्यायका सामान्य सिद्धान्तहरु | • मुलुकी अपराध संहिताको आवश्यकताको पृष्ठभूमि<br>• वर्तमान संहिताका विशेषताहरु<br>• फौजदारी न्यायका मान्य सिद्धान्तहरु<br>• सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त<br>• संहितामा दिखएका समस्या तथा समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | देवानी संहिताको विशेषता र देवानी कानूनका सामान्य सिद्धान्तहरु | • मुलुकी देवानी संहिताको आवश्यकताको पृष्ठभूमि<br>• वर्तमान संहिताका विशेषताहरु<br>• देवानी कानूनका सामान्य सिद्धान्तहरु<br>• सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त<br>• देवानी संहितामा देखिएका समस्या तथा समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | अपूर्ण अपराध र आपराधिक दायित्वसम्बन्धी सिद्धान्त | • अपराधको परिभाषा<br>• पूर्ण अपराध र अपूर्ण अपराध परिचय<br>• अपराधिक उद्योग<br>• अपराधिक षडयन्त्र<br>• दुरुत्साहन<br>• अपराधिक दायित्व<br>• सापेक्षिक दायित्व<br>• निरपेक्ष दायित्व<br>• पूर्ण दायित्व<br>• सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ४ | कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था तथा सजाय र अन्तिम क्षतिपूर्ति | • कसूरमा गम्भिरता वढाउने अवस्थाहरु<br>• कसूरमा गम्भिरता घटाउने अवस्थाहरु<br>• सजाय निर्धारणमा पृथक सुनुवाई<br>• दण्डका उद्देश्य<br>• दण्डका सिद्धान्त<br>• सजाय निर्धारण<br>• सजाय निर्धारणमा Aggravating factor/Mitigating Factor तथा सजाय निर्धारण सम्वन्धी मार्गदर्शनको प्रयोग | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्तहरु | | |
| ५ | गुठी, फलोपभोग र सुविधाभार | • गुठीको अवधारणा<br>• गुठीका प्रकार: निजी सार्वजनिक र सरकारी<br>• निजी गुठी सम्वन्धमा संहितामा रहेका कानूनी व्यवस्था<br>• फलोपभोगको परिचय<br>• फलोपभोग लिने र दिनेको काम कर्तव्य अधिकार र दायित्य<br>• फलोपभोग सम्वन्धमा संहिताका अन्य व्यवस्थाहरु<br>• सुविधाभारको परिचय<br>• सुविधाभार सम्वन्धमा संहिताका व्यवस्थाहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ६ | हायर पर्चेज तथा लिज करार | • हायर पर्चेज करार र लिज करारको परिचय<br>• हायर पर्चेज करार र लिज करार वीच भिन्नता<br>• हायर पर्चेज करार र लिज करारमा लिने दिनेको अधिकार तथा दायित्व<br>• हायर पर्चेज र लिज करार सम्वन्धी संहितामा रहेका अन्य कानूनी व्यवस्थाहरु<br>• | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ७ | दुष्कृति तथा त्रुटिपूर्ण उत्पादनसम्बन्धी व्यवस्था | • दुष्कृतिको परिचय<br>• दुष्कृति र अपराध<br>• दुष्कृति र करार<br>• दुष्कृतिका प्रकार<br>• दुष्कृतिका दायित्व र क्षतिपूर्ति<br>• दुष्कृति सम्वन्धमा सर्वोच्च अदालतवाट प्रतिपादित नजीर सिद्धान्तहरु<br>• त्रुटिपूर्ण उत्पादन: परिचय<br>• त्रुटिपूर्ण उत्पादन र दायित्व<br>• त्रुटिपुर्ण उत्पादन सम्वन्धी संहिताका अन्य व्यवस्था | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ८ | निजी अन्तराष्ट्रिय कानून | • अन्तराष्ट्रिय कानूनको परिचय<br>• निजी र सार्वजनिक अन्तराष्ट्रिय कानूनको भिन्नता<br>• निजि अन्तराष्ट्रिय कानूनका सिद्धान्त नेपालमा निजी अन्तराष्ट्रिय | १ घण्टा ३० | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | कानून सम्वन्धमा देहायका व्यवस्था<br>• विवाह, सम्वन्ध विच्छेद, अपुताली, आधिवास, सक्षमता सम्वन्धी व्यवस्था<br>• सर्वोच्च अदालतवाट प्रतिपादित नजीर सिद्धान्तहरु | मिनेट | अन्तरक्रिया |
| ९ | देवानी कार्यविधि संहिताको मूलभूत विशेषता | • देवानी कार्यविधि संहितामा रहेका मुलभुत विशेषताहरु<br>• थप गरिएका मुख्य मुख्य कार्यविधिहरु<br>• देवानी कार्यविधि संहिता कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपाय | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १० | फौजदारी कार्यविधि संहिताको मूलभूत विशेषताहरु | • फौजदारी कार्यविधि संहितामा रहेका मुलभुत विशेषताहरु<br>• थप गरिएका मुख्य मुख्य कार्यविधिहरु<br>• फौजदारी कार्यविधि संहिता कार्यान्वयनमा देख परेका समस्या र समाधानका उपाय | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ११ | देवानी तथा फौजदारी मुद्दामा अदालतको अधिकार क्षेत्र | • अधिकार क्षेत्रको परिचय/परिभाषा<br>• अधिकार क्षेत्रको वर्गिकरण/प्रकार<br>• अधिकार क्षेत्रका सिद्धान्तहरु<br>• देवानी मुद्दामा अदालतको क्षेत्राधिकार<br>• फौजदारी मुद्दामा अदालतको अधिकार क्षेत्र<br>• क्षेत्राधिकारको स्थानान्तरण<br>• क्षेत्राधिकार सम्वन्धमा सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्तहरु<br>• क्षेत्राधिकारमा देखिएका समस्या र समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १२ | देवानी तथा दुनियावादी फौजदारी मुद्दाको दर्ता, दरपीठ र अदालती शुल्क-समस्या र समाधानका उपाय | • देवानी तथा दुनियावादी फौजदारी मुद्दा दर्ता गर्दा विचार पुर्याउनु पर्ने कुराहरु<br>• फिराद दरपिठ गर्ने कार्यविधि<br>• देवानी तथा दुनियावादी फौजदारी मुद्दाको देहाय विषयमा लाग्ने दस्तुर (फिराद, प्रतिउत्तर, प्रतिदावी, पुनरावेदन, पुनरावलोकन तथा दोहोर्याई पाउँ तथा अन्य शुल्कहरु)<br>• अदालती शुल्कका लागि मूल्य कायम गर्ने आधार र अदालती | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | शूल्कको दर<br>• समस्या र समाधानका उपायहरु | | |
| १३ | कसूरको सूचना,पक्राउ, म्याद थप र अभियोगपत्र (समस्या र समाधानका उपाय) | • कसूरको सूचना दिन सकिने निकाय वा अधिकारी<br>• कसूरको सूचना दर्ता नगरे उजूर गर्न सकिने निकाय तथा विधि<br>• पकाउ अनुमति तथा जरुरी पक्राउ सम्वन्धी व्यवस्था<br>• म्याद थपको विधि र सो मा संलग्न अधिकारी/निकाय<br>• अभियोगपत्र दर्ता गर्दा विचार पुर्याउनु पर्ने कुराहरु<br>• अभियोगपत्रमा संशोधन<br>• समस्या तथा समाधानका उपायहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १४ | वयान, थुनछेक र अनुपस्थित प्रतिवादीसम्बन्धी व्यवस्था | • फौजदारी मुद्दामा अभियुक्तको वयान लिँदा गर्नु पर्ने तयारी र विचार पुर्याउनु पर्ने कुराहरु<br>• थुनछेकको उद्देश्य<br>• थुनछेक सम्वन्धी कानूनी व्यवस्था (फौजदारी संहिताको परिच्छेद-७ लागू औषध नियन्त्रण ऐन, विशेष अदालत ऐन वालवालिका सम्वन्धी ऐन तथा अन्य ऐनमा रहेका थुनछेक सम्वन्धी व्यवस्था)<br>• प्रतिवादी अनुपस्थित भएमा गरिने मुद्दाको व्यवस्थापन<br>• अनुपस्थित प्रतिवादी उपस्थित हुन आएमा शुरु गरिने कारवाही सम्वन्धी व्यवस्था<br>• वयान, थुनछेक तथा फरारी सम्बन्धमा देखा परेका समस्या र समाधानका उपाय | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १५ | म्याद तामेलीसम्बन्धी व्यवस्था- समस्या र समाधानका उपाय | • स्वच्छ सुनुवाई र प्राकृतिक न्यायको सिद्धान्तमा म्याद तामेली<br>• संहितामा रहेका म्याद तामेलीसम्बन्धी नविनतम् व्यवस्थाहरु<br>• म्याद तामेलीमा देखिएका समस्या र समाधानका उपाय | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १६ | देवानी मुद्दामा प्रतिवाद, प्रतिदावी र तेस्रो पक्षको | • प्रतिउत्तर (प्रतिवाद) तथा प्रतिदावी सम्बन्धी व्यवस्था<br>▪ अवधारणा<br>▪ प्रतिउत्तर र प्रतिउत्तर सरहको पुनरावेदन | १ घण्टा ३० | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | संलग्नता | ▪ प्रतितउत्तर जिकिर तथा प्रतिदावीबीच फरक<br>• प्रतिदावी सम्बन्धी मौजुदा कानूनी व्यवस्था (अ.ब. ७८ र ८० नं.)<br>• प्रतिदावी सम्बन्धी संहितामा भएका व्यवस्था<br>▪ प्रतिउत्तर पेश गर्नु पर्ने (दफा ११९)<br>▪ प्रतिदावी पेश गर्न सक्ने (दफा १२१)<br>▪ प्रतिउत्तर दस्तुर (दफा १२५)<br>• मुद्दामा तेस्रो पक्षको संलग्नता सम्बन्धी व्यवस्था<br>▪ सैद्धान्तिक अवधारणा<br>▪ मौजुदा कानूनी व्यवस्था (अ.ब. १३९ नं, अदालत नियमावलीहरूमा भएका व्यवस्था)<br>▪ अदालतले तेस्रो पक्ष कायम गराउन सक्ने (दफा १२३)<br>▪ निवेदनबाट तेस्रो पक्ष कायम हुने (दफा १२४) | मिनेट | अन्तरक्रिया |
| १७ | प्रारम्भिक सुनुवाई, पूर्व सुनुवाई छलफल र अन्तिम सुनुवाई | • प्रारम्भिक सुनुवाइको अवधारणा र आवश्यकता<br>• प्रारम्भिक सुनुवाइमा निरूपण हुने विषयहरू<br>• प्रारम्भिक सुनुवाइ सम्बन्धी मौजुदा कानूनी व्यवस्था<br>• देवानी कार्यविधि संहितामा प्रारम्भिक सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था (परिच्छेद ११)<br>• फौजदारी कार्यविधि संहितामा प्रारम्भिक सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था<br>• पूर्व सुनुवाइ छलफलको अवधारणा र आवश्यकता<br>• पूर्व सुनुवाइ छलफलमा ध्यान दिनुपर्ने कुराहरू<br>• पूर्व सुनुवाईमा निरूपण हुने विषयहरू<br>• पूर्व सुनुवाइ छलफल सम्बन्धी मौजुदा कानूनी व्यवस्था<br>• देवानी कार्यविधि संहितामा पूर्व सुनुवाइ छलफल सम्बन्धी कानूनी व्यवस्था<br>• फौजदारी कार्यविधि संहितामा पूर्व सुनुवाइ छलफल सम्बन्धी कानूनी व्यवस्था | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • अन्तिम सुनुवाइ सम्बन्धी व्यवस्था | | |
| १८ | सजाय सम्बन्धी सामान्य सिद्धान्त र सजायको उद्धेश्य तथा निर्धारणका आधारहरु | • अवधारणा<br>• सजायको उद्धेश्य<br>• सजायसम्बन्धी सिद्धान्त (फौजदारी कसूरसजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ लाई आधार मानी)<br>• सजाय निर्धारणका आधारहरू<br>• सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू<br>• बालबालिकालाई सजाय गर्दा विचार गर्नुपर्ने कुराहरु<br>• सजाय निर्धारण गर्दा खुलाउनु पर्ने कुराहरू<br>• जरिवानाको सजाय निर्धारण गर्ने आधारहरू<br>• सामुदायिक सेवासम्बन्धी व्यवस्था<br>• सुधार गृहमा पठाउनेसम्बन्धी व्यवस्था<br>• क्षतिपूर्तिसम्बन्धी व्यवस्था<br>• अदालतबाट प्रतिपादित सिद्धान्तहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| १९ | सजाय निर्धारण सम्बन्धमा छुट्टै सुनुवाई- समस्या र समाधान | • अवधारणा<br>• फौजदारी कसूरसजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ मा छुट्टै सुनुवाईसम्बन्धी व्यवस्था<br>• सुनुवाईका क्रममा आइ परेका वा पर्न सक्ने समस्याहरुको पहिचान<br>• समस्या सामाधानका उपायहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २० | साक्षी परीक्षण- समस्या र समाधान | • साक्षी परीक्षणको अर्थ र महत्त्व<br>• साक्षी परिक्षणमा सरकारी वकील, कानून व्यवसायी, अदालतका कर्मचारी तथा सरोकारवाला निकायको भूमिका<br>• साक्षी परिक्षण गर्दा विचार गर्नुपर्ने कुराहरू<br>• साक्षी परीक्षणमा देखिएका समस्या तथा समाधानका उपाय | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २१ | अन्तरकालीन र अन्तरिम आदेश | • अवधारणा<br>• अन्तरकालीन र अन्तरिम आदेशसम्बन्धी कानूनी व्यवस्था<br>• अन्तरकालीन र अन्तरिम आदेश जारी गर्नेसम्बन्धी व्यवस्था | १ घण्टा ३० | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्था<br>• अन्तरकालीन र अन्तरिम आदेश लेखनकला<br>• समस्या र चुनौतीहरू<br>• समस्या र चुनौति सामाधानका उपायहरू | मिनेट | अन्तरक्रिया |

**मोड्यूल ४: विधि विज्ञान**

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | विवादित लिखत जाँच | • लिखतको परिचय तथा अवधारणा<br>• लिखतको महत्त्व<br>• नेपाल कानूनमा लिखत र लिखत परिक्षणसम्बन्धी व्यवस्था<br>• विवादित लिखतको नमुना संकलन विधि (रेखा, लेखा, ल्याप्चे, सहीछाप, अंक, अक्षर, मुद्रण, टाइपिङ आदि)<br>• विवादित लिखत जाँच गर्ने विधि र प्रतिवेदनको सत्यता | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | आनुवंशिक गूण पहिचान गर्ने DNAजाँच प्रविधि | • DNA सम्बन्धी अवधारणा र विकास<br>• आनुवांशिक गूण पहिचान गर्ने DNA जाँच प्रविधिको आवश्यकता र महत्त्व<br>• आनुवांशिक गूण पहिचान गर्ने विधि र त्यसको सत्यता<br>• सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | शव परीक्षण र मृत्युको कारण | • शव परिक्षणसम्बन्धी अवधारणा र महत्त्व<br>• शव उठाउने विधि<br>• शव परिक्षण प्रतिवेदनमा समेटिनु पर्ने विषयहरू<br>• शव परिक्षण प्रतिवेदनमा उल्लेख गरिने मुख्य शव्दावली र तिनको अर्थ<br>• मृत्युको कारण (Brain death/Cardio Vascular Failure/Respiratory Failure etc.) | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ४ | विधि विज्ञान प्रयोगशाला/ त्रि. वि. शिक्षण अस्पताल वा केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको अवलोकन | • प्रयोगशालाको सामान्य जानकारी<br>• आवश्यकता एवम् महत्त्व<br>• क्षेत्राधिकार तथा जिम्मेवारी<br>• प्रयोगशालाबाट दिइने प्रतिवेदनमा उल्लेख हुने शव्दावली र तिनको अर्थ<br>• प्रयोगशालाको अवलोकन भ्रमण | १ कार्य दिन | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ५ | विधि विज्ञान प्रयोगशाला/ त्रि. वि.शिक्षण | • सहभागीहरूलाई समूहगत रुपमा विभाजन गरी अवलोकन भ्रमणको प्रस्तुतीकरण गर्न लगाउने। | | समूहगत छलफल तथा |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | अस्पत्तालवा केन्द्रीय प्रहरी विज्ञान प्रयोगशालाको अवलोकन भ्रमणको प्रस्तुतीकरण | | | अन्तरक्रिया |
| ६ | विधि विज्ञान प्रयोगशाला/ त्रि. वि.शिक्षण अस्पत्तालवा केन्द्रीय प्रहरी विज्ञान प्रयोगशालाको अवलोकन भ्रमणको प्रस्तुतीकरण उपर पृष्ठपोषण | • सहभागीहरूबाट भएको अवलोकन भ्रमणको प्रस्तुतीकरण उपर स्रोत व्यक्तिबाट पृष्ठपोषण गराउने। | | समूहगत छलफल तथा अन्तरक्रिया |

## मोड्यूल ५: फैसला लेखन र भाषागत सुद्धता

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | अदालती लिखतमा भाषागत शुद्धता (नेपाली भाषाको शिक्षकबाट) | • अवधारणा<br>• वाक्य र भाषागत शुद्धता<br>• लिखतमा भाषाको महत्त्व तथा भाषाले पार्ने प्रभाव<br>• अदालती लिखतमा भाषागत शुद्धताको महत्त्व<br>• फैसला, आदेश, टिपोट, टिप्पणी लेखन लगायत अदालतमा तयार हुने लिखत सम्बन्धमा भाषागत शुद्धताको व्यवहारिक प्रयोग (Practical) गराउने । | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | अदालती लिखतमा भाषागत शुद्धता (न्यायाधीशबाट) | • अदालती लिखतमा भाषागत शुद्धताको अवस्था<br>• भाषागत अशुद्धताले पार्ने समस्याहरु<br>• नेपाली भाषागत अशुद्धता हटाउने उपायहरु<br>• न्यायाधीश तथा कर्मचारीले भाषागत शुद्धता कायम गर्न जान्नै पर्ने कुराहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | फैसला लेखनमा ध्यान दिनु पर्ने विषयहरु | • अवधारणा<br>• फैसलाको महत्त्व<br>• फेसलाका आवश्यक तत्त्वहरु<br>• फैसला लेख्दा ध्यान दिनुपर्ने व्यवस्थाहरू ( अन्तराष्ट्रिय कानून र सिद्धान्तहरू, संवैधानिक व्यवस्था, कानूनी व्यवस्था, नीतिगत व्यवस्था लगायतका व्यवस्थाहरू)<br>• संक्षिप्त रुपमा बुँदा टिपोट, ठहर खण्ड र तपसिल खण्ड लेखन (अभ्यास) | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ४ | फैसला लेखन अभ्यास उपर टिप्पणी | • शिर्ष भाग लेखन कला<br>• मुद्दाको संक्षिप्त व्यहोरा लेखन कला ( टिपोट खण्ड)<br>• ठहर खण्ड लेखन कला<br>• तपसिल खण्ड लेखन कला<br>• फैसलामा अदालतबाट प्रतिपादित सिद्धान्त समावेश गर्दा ध्यान दिन पर्ने कुराहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>(घरमा फैसला लेखेर आउने र श्रोत व्यक्तिले |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | | | जाँच गरी टिप्पणी गर्ने) |
| ५ | फैसला लेखन अभ्यास उपर टिप्पणी | • शिर्ष भाग लेखन कला<br>• मुद्दाको संक्षिप्त व्यहोरा लेखन कला (टिपोट खण्ड)<br>• ठहर खण्ड लेखन कला<br>• तपसिल खण्ड लेखन कला<br>• फैसलामा अदालतबाट प्रतिपादित सिद्धान्त समावेश गर्दा ध्यान दिन पर्ने कुराहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया (घरमा फैसला लेखेर आउने र श्रोत व्यक्तिले जाँच गरी टिप्पणी गर्ने) |

**मोड्यूल ६: फैसला कार्यान्वयन, पुनरावेदन, साधक र मुल्तवी**

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | फैसला कार्यान्वयन- समस्या, चुनौती र समाधान | • अवधारणा तथा महत्त्व<br>• देवानी मुद्दामा फैसला कार्यान्वयन( चलन चलाउने, दाखिल, खारेज, नामसारी गर्ने, निखन्नेसम्बन्धी, अंश छुट्टाउने, विगो भराउने, जायजात गर्ने)सैद्धान्तिक तथा व्यवहारिक ज्ञान<br>• फौजदारी मुद्दामा फैसला कार्यान्वयन( सजायको लगत राख्ने व्यवस्था, फैसला कार्यान्वयन स्थगीत हुने अवस्था, कैदमा राख्नु पर्ने अवस्था, कैद वापत रकम तिर्न सकिने, सम्पत्ति रोक्का राख्ने कार्यविधि, सजाय माफी र मिनाहासम्बन्धी कार्यविधि, लगत कट्टा गर्नेसम्बन्धी व्यवस्था, सरकारी विगो वा अन्य रकमसम्बन्धी व्यवस्था, सरकारी विगो वापत कैद गर्न सकिने, निजि विगो वा क्षतिपूर्ति भराउने कार्यविधि, विगो वा जरिवाना वापत कैद, विगो अशुल गर्ने कार्यविधि, जरिवाना छूट दिने व्यवस्था, )<br>• फैसला कार्यान्वयनको क्रममा आउन सक्ने समस्या वा चुनौतीको पहिचान<br>• समस्या वा चुनौतीको सामाधानका उपायहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | पुनरावेदन दर्ता र कार्वाही- समस्या र समाधान | • अवधारणा<br>• देवानी मुद्दाकोपुनरावेदन दर्तासम्बन्धी व्यवस्था (पुनरावेदन दर्ता गर्ने अवधि, पुनरावेदन नलाग्ने अवस्था, पुनरावेदन दर्ता गर्दा लाग्ने शुल्क, पुनरावेदन दर्ता गर्न सकिने निकायहरू, म्यादसम्बन्धि व्यवस्था)<br>• फौजदारी मुद्दाको पुनरावेदन दर्तासम्बन्धी व्यवस्था ( पुनरावेदन लाग्ने अवस्था, पुनरावेदन दर्ता गर्न सकिने निकायहरू, पुनरावेदन दिंदा पुऱ्याउन पर्ने रीत, पुनरावेदन दिंदा कैदमा बस्नु पर्ने अवस्था, साधकसम्बन्धी व्यवस्था आदि ।<br>• पुनरावेदन दर्ता गर्ने सम्बन्धमा आउन सक्ने समस्या र चुनौतिहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • समस्या र चुनौति सामाधानका उपायहरू | | |
| ३ | साधक, दोहोऱ्याई पाउने र पुनरावलोकन | • अवधारणा<br>• साधक, दोहोऱ्याई पाउने र पुनरावलोकनसम्बन्धी कानूनी व्यवस्था<br>• समस्याको पहिचान<br>• समस्या समाधानका उपायहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ४ | मुद्दा मुल्तवी, स्थानन्तरण र फिर्ता | • अवधारणा<br>• आवश्यकता एवम् महत्त्व<br>• मुद्दाको मुल्तबी राख्ने र जगाउनेसम्बन्धी कार्यविधि<br>• मुद्दा सार्नेसम्बन्धी कानूनी व्यवस्था<br>• मुद्दा फिर्तासम्बन्धी कानूनी व्यवस्था<br>• मुद्दा मुल्तवी, स्थानन्तरण र फिर्ता सम्बन्धमा आइपर्ने समस्या र चुनौतिहरू<br>• समस्या र चुनौति समाधानका उपायहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

**मोड्यूल ७: विविध**

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | अभिलेख व्यवस्थापन | • अभिलेखको परिभाषा र किसिम<br>• अदालतमा अभिलेखको महत्त्व<br>• अभिलेखको सुरक्षा<br>• अभिलेख व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>• अभिलेख व्यवस्थापनसम्बन्धी ऐन, कानून र निर्देशिकाहरू- सरकारी कागज र अदालती कागज धुल्याउने विधि<br>• अभिलेख व्वस्थापनका बैज्ञानिक बिधिहरु<br>• अभिलेख व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग<br>• वेबमा आधारित अभिलेखको खोजी गर्ने प्रणालिको विकाश | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | वाणिज्य इजलास र कार्यविधि | • अवधारणा<br>• वाणिज्य इजलास गठनका उद्धेश्य र कारणहरू<br>• वाणिज्य इजलासबाट हेरिने मुद्दाहरू<br>• वाणिज्य इजलासबाट हेरिने मुद्दाहरू दर्ता, सुनुवाई र फैसला गर्दा अपनाउनु पर्ने कार्यविधि<br>• बैंकिङ्क कसूरसम्बन्धी मुद्दामा पक्राउ अनुमति, जरुरी पक्राउ पूर्जी समर्थन र थुनछेकसम्बन्धी कानूनी व्यवस्था<br>• वाणिज्य इजलासबाट फैसला भएका मुद्दाको कार्यान्वयन अवस्था(बैङ्किग कसूर मुद्दामा )<br>• समस्या र चुनौतिहरू<br>• समस्या समाधानका उपायहरू<br>• वाणिज्य इजलासबाट हेरिने मुद्दाका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित केही सिद्धान्तहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | गोपनीयता कायम राख्ने विधि र लगातार सुनुवाई | • अवधारणा<br>• आवश्यकता एवम् महत्त्व<br>• अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनमा भएका व्यवस्थाहरू (मानव अधिकारसम्बन्धी अन्तराष्ट्रिय घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र,१९६६, महिला विरुद्धका सबै प्रकारका भेदभाव | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | उन्मुलन गर्ने महासन्धी, १९७९, बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लगायत नेपालको संविधान, वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, मुलुकी संहिताहरू, संहितासम्बन्धी नियमावली, अदालतसम्बन्धी नियमावलीहरू र अन्य कानूनमा भएका व्यवस्थाहरू ।<br>• गोपनीयता कायम गर्ने विधि र लगातार सुनुवाई सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त | | |
| ४ | मुद्दा प्रवाह व्यवस्थापनमा इजलास अधिकृत र सुपरिवेक्षकको भूमिका | • मुद्धा प्रवाह व्यवस्थापनसम्बन्धी अवधारणा<br>• मुद्दा प्रवाह व्यवस्थापनसम्बन्धी कानूनी व्यवस्था, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ तथा नियमावली, २०७५, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा नियमावली, २०७५, फौजखारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन)ऐन, २०७४ तथा नियमावली, २०७५ मा रहेका व्यवस्था, न्याय प्रशासन ऐन, २०७३, संक्षिप्त कार्यविधि ऐन, २०२८, विशेष अदालत ऐन, २०५९, सर्वोच्च अदालत नियमावली, २०७४, सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२, उच्च अदालत नियमावली, २०७३, जिल्ला अदालत नियमावली, २०७५ मा भएका व्यवस्थासम्बन्धी जानकारी)<br>• मुद्दा प्रवाह व्यवस्थापन सम्बन्धमा न्यायपालिकाको चौथो पञ्च वर्षीय रणनीतिक योजनामा गरिएको व्यवस्था,<br>• फरक मुद्दा व्यवस्थापनसम्बन्धी अवधारणा तथा महत्त्व,<br>• फरक प्रकृतिका मुद्दाको फरक व्यवस्थापन पद्धति तथा तरिकासम्बन्धी व्यवस्था,<br>• आइपर्ने समस्याहरू,<br>• चुनौती, सम्भावना तथा सामाधानका उपायहरू<br>• मुद्दा प्रवाह व्यवस्थापनमा इजलास अधिकृतले खेल्नुपर्ने भूमिका,<br>• मुद्दा प्रवाह व्यवस्थापनमा सुपरिवेक्षकले खेल्नुपर्ने भूमिका, | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| ५ | नाप नक्सा गर्दा ध्यान दिनु पर्ने विषय | • जग्गा सम्वन्धी विवादमा नाप नक्साको भूमिका र महत्त्व<br>• नाप नक्सा गर्न जानु अघि गरिनु पर्ने तयारी<br>• विवादित जग्गामा नाप नक्सा गर्दा विचार पुर्याउनु पर्ने कुराहरु<br>• जग्गाको नाप तथा क्षेत्रफल सम्वन्धी जानकारी<br>• फिल्डवुक, क्षेत्रीय किताव, नक्सा ट्रेस सम्वन्धी जानकारी | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ६ | प्रोटोकल र सामान्य शिष्टाचार | • मर्यादाक्रम (प्रोटोकल) को अर्थ र महत्त्व<br>• मर्यादाक्रम निर्धारणसम्बन्धी नेपाल सरकारको निर्णय<br>• शिष्टाचारको अर्थ र महत्त्व<br>• शिष्टाचारका क्षेत्रहरू<br>• अदालत वा कार्यालयभित्र/ बाहिर<br>• सार्वजनिक समाहरोह<br>• आयोजक/आमन्त्रित<br>• भोज/रात्रिभोज<br>• अतिथि सत्कार/स्वागत/विदाई<br>• सम्पर्क अधिकारी/संयोजकको भूमिका<br>• शिष्टाचार अधिकारीको भूमिका<br>• उद्घघोषक/कार्यक्रम सञ्चालकको भूमिका<br>• सामाजिक संलग्नता<br>• मनोरञ्जन/खेलकुद/पिकनिक<br>• वार्षिकोत्सव/राष्ट्रिय दिवस<br>• आफूभन्दा माथिल्लो तह/समकक्षी/मातहत<br>• अधिकारीसँग/अपरिचितसँग<br>• सेवाग्राहीसँग<br>• अन्य सान्दर्भिक विषयबस्तु र उदाहरणहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ७ | समग्र प्रशिक्षण कार्यक्रको मूल्याङ्कन | • प्रतिष्ठानले तयार गरेको समग्र प्रशिक्षण कार्यक्रम मूल्याङ्कन फारम प्रशिक्षण कार्यक्रमको अन्त्यमा प्रशिक्षार्थीहरुवाट भराइ समग्र प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गरिने छ । | १ घण्टा ३० मिनेट | प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| ८ | समापन | सर्वोच्च अदालतको उच्च नेतृत्व, प्रतिष्ठानका पदाधिकारीहरु, संयोजन समूह र सहभागीहरुको सहभागितामा औपचारीक समापन सत्रको आयोजना गरिनेछ । मन्तव्य, प्रमाणपत्र वितरण, पुरस्कार वितरणका कार्य गरी प्रशिक्षणको समापन हुनेछ । | १ घण्टा ३० मिनेट | - |